

# मिस नेपाल टाइटल हो करिअर होइन

■ माल्भिका सुब्बा
पूर्व मिस नेपाल

माल्भिका सुब्बा नेपाली युवापस्ताको सशक्त हस्ताक्षर हुन् । कला र सौन्दर्य सबै परिधिमा उनी समेटिएकी छिन् । आठ वर्षअघि मिस नेपाल टाइटल जितेपछि उनले पहिचान र प्रसिद्धिको लागि कहिल्यै पछि फर्केर हेर्नु परेन । त्यसयता भिजे, एंकर, मोडल, बिजनेस पर्सन हुँदै अहिले फिल्मी संसारमा छिन् उनी । 'गड लिभ्ज इन दि हिमालयज' र 'गुडबाइ काठमाण्डु'मा पनि अभिनय गरिसकेकी छिन् उनले । मोडलिङ क्षेत्रमा बौद्धिक व्यक्तित्व बनाएका माल्भिका बहुआयामिक छिन् । सौन्दर्य र बौद्धिकताकी दोभान मानिने माल्भिका अहिले साँग्रिला हाउजिङमा कार्यरत छिन् । उत्तरार्धमा अभिनयलाई आत्मसात गरेकी अविवाहित माल्भिकासँग *नयाँ सन्देश*ले गरेको कुराकानी :

**■ 'गुडबाइ काठमाण्डु' कस्तो विशेषताका चलचित्र हो र यसमा तपाईंको भूमिका कस्तो छ ?**

यो तीन परिवारको कहानी हो । आर्य, नेवार र गुरूङ जातिको कथामा फिल्म आधारित छ । जहाँ मैले आर्य जातिको युवतीको भूमिकामा खेलेकी छु । माओवादीको दशक लामो सशस्त्र विद्रोह र पूर्वराजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नै हातमा लिने राजनीतिक परिघटना र त्यसले युवादेखि वृद्धवृद्धासम्म पारेको प्रभावबारे फिल्म बोलेको छ । फिल्ममा म एक गैरसरकारी संस्थाकी कार्यकर्ता, महिला अधिकारवादी र गायिकाको रूपमा देखिएकी छु । यति बलियो पात्रकी जसले पीडामा परेको व्यक्तिलाई सहयोग गर्छ ।

**■ सौन्दर्यक्षेत्रमा लागिपरेको व्यक्तिले अचानक सिनेक्षेत्रलाई आत्मसात गर्नुभयो नि ?**

मलाई त्यस्तो लाग्दैन । म फिल्ममा लागेको छैन । अहिलेसम्म फिल्ममा लागेको भए दशपन्ध्रवटामा अभिनय गरिसक्थें । म मिस नेपाल भएको आठ वर्ष भयो । यति लामो वर्षपछि आर्टस् भूमिमा लागें । यसलाई व्यवसायिक फिल्म भन्न मिल्दैन । मैले जे गरें त्यो साइड जब मात्र हो । मैले अभिनय गरेका दुई चलचित्रलाई तपाईंले कला चलचित्रका रूपमा बुझ्नुस् । फिल्म पनि कलाकै अर्को रूप हो । अर्कै कुरा तपाँईले मिस नेपाललाई जसरी बुझ्नुभएको छ त्यस्तो होइन, मिस नेपाल टाइटल हो करिअर होइन ।

**■ तपाईं किन कथित 'व्यवसायिक' फिल्महरूमा खेल्नुहुन्न ?**

किनभने यता फिल्ममा 'व्यवसायिकता' छैन । ती फिल्म खेल्न रूचि पनि लाग्दैन । नवीन सुब्बाले स्क्रिप्ट देखाउनुभयो । एप्रोच गर्नुभयो । राम्रो लागेपछि मात्र 'गुडबाइ काठमाण्डू' खेलेकी हुँ । अहिलेसम्म झन्डै पन्ध्र, बीसवटा कमर्सियल फिल्मका लागि अफर आइसक्यो । उहाँहरूको स्क्रिप्ट राम्रो छैन । कथाको प्रस्तुतीकरण पनि ठीक लाग्दैन । अहिले मोफसलमा बनिरहेका फिल्महरू पनि अस्वीकार गरिसकें । चाहेको भए ती फिल्मलाई निरन्तरता दिन सक्थें ।

**■ तपाईंले अभिनय गरिसकेका दुवैवटा फिल्म अलगधारका हुन् । अफबिट फिल्मप्रतिको लगाव र रूचि किन ?**

अफविट फिल्ममा वास्तविकता हुन्छ । जहाँ कृत्रिमता पोतिएको हुँदैन । व्यवसायिकता जस्तो कृत्रिमताको कुनै गुञ्जायस् हुँदैन अफबिटमा । 'गुडबाइ काठमाण्डू' यस्तै प्रकृति र विशेषताको अफबिट फिल्म हो । जहाँ आत्मनिर्भर, सशक्त र स्वतन्त्र महिलाको भूमिकामा म छु । लुगा लगाउनेदेखि कपाल कोर्दासम्म सबै सोचेर गरेका छौं । तर कमर्सियल फिल्मका निर्माताहरू स्क्रिप्ट ल्याउनुहुन्छ । यो पात्रको भूमिका के हो ? किन यसले यस्तो संवाद बोल्छ भनेर सोध्दा स्वयं उहाँहरूले भन्न सक्नुहुन्न । ती फिल्ममा स्क्रिप्ट राइटरको कुनै आइडिया नै छैन । 'गुडबाइ काठमाण्डु'मा हामीले पात्रको अभिनय गर्दा त्यहाँको सबै पक्ष अध्ययन गरेर मात्र खेलेका थियौं । हामीले प्रत्येक दृश्यको विश्लेषण गर्थ्यौं । म यसलाई सोचाइ प्रक्रियामा आधारित सिनेमा भन्न रूचाउँछु । जसले हामीलाई ड्राइभ गर्छ । त्यसकारण मलाई अफबिट फिल्म मनपर्छ ।

**■ अहिले दक्ष र जवान युवा निर्देशकहरूले नेपाली फिल्ममा काम गर्नुभएको छ । कस्तो लाग्छ नेपाली चलचित्र र कस्तो हुनुपर्छ ?**

अबको पाँच, दश वर्षभित्रमा नेपाली फिल्मले कोल्टे फेर्छ जस्तो लाग्छ मलाई । धेरै युवाहरू यसमा संलग्न हुन थाल्नुभएको छ । फिल्म मेकिङ पढ्नुभएको छ । भारत पुगेर सहायक निर्देशक भएर काम गरेको अनुभवमा नेपाली सिनेमा बनिरहेका छन् अहिले । अहिलेका पुस्ताले नेपाली फिल्म हेर्दै हेर्दैन भने पनि हुन्छ । मैले पनि 'सानो संसार' र 'मिसन पैसा'पछि नेपाली फिल्म हेरेकै छैन । हेर्न इच्छुक पनि छु । नेपाली फिल्मको वर्तमान अवस्थाको सुधारका लागि प्राविधिक रूपमा दक्ष जनशक्ति र निर्माण स्तरमा अपग्रेडिङ हुनु आवश्यक छ । मैले के अनुभव गरें भने व्यवस्थापन टीम एकदम राम्रो हुनुपर्दो रहेछ । सबैजनामा व्यवसायिकताको भावना र ट्युन हुनुपर्छ । तालमेल हुनुपर्छ । यद्यपी नम्रता श्रेष्ठ र निशा अधिकारीबाट मैले आशा गरेकी छु ।

**■ युवाको मनोविज्ञान आत्मसात् गर्न चलचित्रहरू कस्ता हुनुपर्छ ?**

युवाका लागि सामाजिक चलचित्र बन्नुपर्छ । जसले केही न केही जागरण पैदा गरोस् । मान्छेले आफ्नो जिन्दगीबाट तीनघण्टा निकालेर फिल्म हेर्छ । यो समयबाट उसले केही बुझोस । रमाइलो गरोस् । यसो भन्नुको अर्थ व्यवसायिक, अलगधार र नाचगानजस्ता सबै प्रकृतिका फिल्महरू बनाउनुपर्छ भन्ने हो । समग्रमा फिल्ममा सन्देश हुनुपर्छ । सन्देश महत्वपूर्ण हो । जस्तै बलिउड चलचित्रहरू 'रङ दे बसन्ती', 'थ्रि इडियटस्', 'पेज थ्री', 'लाइफ इन द मट्रो'ले युवाको मनोविज्ञानलाई आत्मसात् गरेका छन् । यस्ता केही नेपाली चलचित्र पनि आउँदै छन् । किनभने हाम्रा निर्माता निर्देशकले चलचित्र निर्माणको परम्परागत मानसिकता परिवर्तन गर्नुपर्छ । किनभने दर्शकहरू एडभान्स भइसके । नयाँ पुस्ताका शैलीहरूको फिल्म बनाउनुपर्छ ।

**■ करिअरलाई कुन रूपमा गति दिंदै हुनुहुन्छ ?**

बिजनेस गर्ने सोच राखेकी छु । तर अहिलेको वित्तिय स्थितिमा बिजनेस गर्नु मुर्खता हो । त्यो बाहेकका अरू पक्षहरू सँगै अगाडि बढाउँछु होला । खै हेरूँ ? यद्यपी आठ वर्षे करिअरले ममा आत्मविश्वास बढाएको छ । मान्छेहरू त्यसमा पनि युवतीहरू मलाई आइडल र प्रेरणादायी व्यक्तिको रूपमा लिएका छन् । यसले मेरो आत्मविश्वासको अर्लाइलाई ऊँचो तुल्याएको छ ।